# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।०९।०६

## प्रेस विज्ञप्ति

पत्रकार हरिसुन्दर छुकालाई अपरिचित व्यक्तिले दुर्व्यवहार गर्दै धम्की दिएकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही पुस १ गते मंगलबार साँझ भक्तपुरको ताथली नाला सडकको तोख्याचा खण्ड हुँदै सौडोलस्थित घर फर्कँदै गर्दा मोटरसाइकलमा आएका दुई जना व्यक्तिले शाखा सहसचिव छुकालाई अश्लील शब्द प्रयोग गर्दै धम्क्याएको भक्तपुर शाखाले जनाएको छ ।

महासंघ पत्रकारलाई त्रसित पार्ने घटनाको भर्त्सना गर्दै धम्की दिनेको तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन र सुरक्षाको प्रत्याभूति दिलाउन स्थानीय प्रशासनसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org